नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति: २०७८/१२/२३

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको हालैको भारत भ्रमणका क्रममा उहाँका समकक्षी सम्माननीय श्री नरेन्द्र मोदीसँग भएको सहमति बमोजिम जारी भएको India-Nepal Joint Vision Statement on Power Sector Cooperation कार्यान्वयनको क्रममा नेपालले भारतमा थप विद्युत निर्यातका लागि स्वीकृति पाएको छ । हालै भारतको विद्युत मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत प्राधिकरणले नेपाल विद्युत प्राधिकरणलाई भारतीय विद्युत बजारमा थप ३२५ मेगावाट विद्युत बिक्री गर्न स्वीकृति दिएको छ । यसअघि २०७८ कात्तिकमा पहिलो चरणमा ३९ मेगावाट विद्युत भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मा बिक्री गर्न स्वीकृति दिइएको थियो । योसँगै नेपालले आगामी वर्षायामको समयमा भारतीय विद्युत बजारमा ३६४ मेगावाटसम्मको विद्युत बिक्री गर्न सक्ने भएको छ ।

यसबाट वर्षायाममा उत्पादित विद्युतमध्ये मुलुकभित्र माग बमोजिम विद्युत व्यवस्था गरी बढी हुने विद्युत निर्यात गर्न सकिने छ । यसबाट दुवै दशको ऊर्जा स्रोतहरुको महत्तम उपयोग भई दुई देशबीचको व्यापार घाटामा कमी आई अर्थतन्त्रमा सकारात्मक योगदान पुग्नेछ ।

यस कार्यको लागि मन्त्रालय भारत सरकार र सम्बद्ध सबै निकायहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

**(मधु प्रसाद भेटुवाल)**
प्रवक्ता एवम् सहसचिव